**सुदूरपश्चिम विश्वविद्यालय**

# शिक्षाशास्त्र सङ्काय

**नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक : पूर्वीय साहित्यशास्त्र**

**विषय सङ्केत नं. :** Nep.Ed.356 | **विषयको प्रकृति :** सैद्धान्तिक

**तह :** स्नातक | **जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** पाँचौं | **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा पूर्वीय साहित्यशास्त्र/समालोचना सिद्धान्तहरूको परिचयात्मक जानकारी दिने दृष्टिकोण राखिएको छ । यसअन्तर्गत पूर्वीय साहित्य समालोचनाका काव्यहेतु, काव्य प्रयोजन, शब्दशक्ति, रसवाद, ध्वनिवाद, रीतिवाद, वक्रोक्तिवाद, औचित्यवाद, अलङ्कारवाद र छन्दशास्त्र जस्ता साहित्यिक सिद्धान्त र वादहरूको सामान्य अवधारणा दिने लक्ष्य राखिएको छ। यसबाट नेपाली भाषाशिक्षणमा साहित्यशास्त्रीय उपयोग सन्दर्भ पहिल्याउन विद्यार्थीहरूलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित साधारण उद्देश्य हासिल गर्न सक्षम हुनेछन् :

क) पूर्वीय दृष्टिले काव्य/साहित्यको परिचय दिई काव्यहेतु, काव्य प्रयोजन, शब्दशक्तिको परिचय र उपयोगिता बताउन,

ख) अलङ्कारवाद र अलङ्कारका प्रकारको परिचय, तिनको वर्गीकरण गरी साहित्यमा प्रयुक्त अलङ्कारहरू पहिचान गर्न,

ग) ध्वनिवाद र रसवादको परिचय दिई र तिनका प्रकारको पहिचान तथा वर्णन गर्न,

ग) रीतिवाद र वक्रोक्तिवादको परिचय दिई तिनका प्रमुख भेदको वर्गीकरण तथा पहिचान गर्न,

ङ) नेपाली भाषामा प्रचलित प्रमुख छन्दहरूको परिचय दिई निर्धारित छन्दमा कविता रचना गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| क) काव्यको परिभाषा दिन,<br>ख) काव्यहेतुको परिचय दिई प्रकार बताउन,<br>ग) काव्य प्रयोजनको वर्णन गर्न,<br>घ) शब्दशक्तिलाई सोदाहरण प्रकाश पार्न,<br>ङ) पाठमा अभिधा, लक्षणा र व्यञ्जना शक्तिको उपयोगिता स्पष्ट पार्न, | **एकाइ एक : पूर्वीय साहित्यशास्त्रमा काव्य : परिभाषा, हेतु, प्रयोजन र शब्दशक्ति (७)**<br>१.१ काव्यसम्बन्धी प्रमुख परिभाषा<br>१.२ काव्यहेतु : प्रतिभा, व्युत्पत्ति र अभ्यास<br>१.३ काव्य प्रयोजन : मम्मटको अभिमत<br>१.४ शब्दशक्ति : अभिधा, लक्षणा र व्यञ्जना<br>१.५ पाठमा अभिधा, लक्षणा र व्यञ्जना शक्तिको उपयोगिता |

| | |
|---|---|
| क) अलङ्कारको परिभाषा बताउन,<br>ख) शब्दालङ्कार र अर्थालङ्कारका निर्धारित भेदको परिचय दिन र<br><br>घ) 'ऋतुविचार' 'राष्ट्रनिर्माता', जस्ता कृतिबाट निर्धारित अलङ्कारका स्वरूपअनुसारका उदाहरणको खोजी गर्न । | **एकाइ दुई : अलङ्कारसिद्धान्त (८)**<br>२.१ अलङ्कारको परिभाषा<br>२.२ अलङ्कार भेद<br>२.२.१ शब्दालङ्कार : अनुप्रास, यमक, श्लेष<br>२.३.२ अर्थालङ्कार : उपमा, रूपक, अतिशयोक्ति, उत्प्रेक्षा, दृष्टान्त, अर्थान्तरन्यास, स्वभावोक्ति, समासोक्ति, अप्रस्तुतप्रशंसा<br>२.३ पाठमा अलङ्कारको पहिचान अभ्यास |
| क) रीतिको परिभाषा दिन,<br>ख) रीतिका प्रकार उल्लेख गरी गुणसँग तिनको सम्बन्ध स्पष्ट पार्न,<br>ग) पाठमा रीतिको पहिचान गर्न<br>घ) वक्रोक्तिको परिभाषा दिन,<br>ङ) वक्रोक्तिका भेदहरूलाई सोदाहरण चिनाउन,<br>च) विभिन्न विधाका पाठमा वक्रोक्तिको पहिचान गर्न, | **एकाइ तीन : रीतिवाद र वक्रोक्तिवाद (१४)**<br>३.१ रीतिवाद<br>३.१.१ रीति : परिभाषा<br>३.१.२ रीतिका प्रकार र गुणसँग तिनको सम्बन्ध वैदर्भी रीति र माधुर्य गुण, पाञ्चाली रीति प्रसाद गुण तथा गौडी रीति र ओज गुण<br>३.१.३ पाठमा रीतिको पहिचान अभ्यास<br>३.२ वक्रोक्तिवाद<br>३.२.१ वक्रोक्तिको परिभाषा<br>३.२.२ वक्रोक्तिका भेदहरू : वर्णविन्यासवक्रता, पदपूर्वार्धवक्रता, पदपरार्धवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता, प्रबन्धवक्रता<br>३.२.३ पाठमा वक्रोक्तिको पहिचान अभ्यास |
| क) ध्वनिको परिभाषा दिन,<br>ख) ध्वनिका निर्धारित भेदलाई सोदाहरण चिनाउन,<br>ग) पाठमा ध्वनिको पहिचान गर्न,<br>घ) रसको परिभाषा दिन,<br>ङ) नवरसको सोदाहरण वर्णन गर्न,<br>च) रससामग्रीको परिचय दिन<br>छ) रसनिष्पत्तिसम्बन्धी अभिमतको व्याख्या गर्न,<br>ज) रसको साधारणीकरणको परिचय दिन,<br>झ) नेपाली साहित्यका 'पिकदूत' 'ऋतुविचार', 'सुलोचना' 'राजेश्वरी' जस्ता रचनाबाट नवरसका स्वरूपअनुसारका उदाहरणको खोजी गर्न, | **एकाइ चार : ध्वनिवाद र रसवाद (१०)**<br>४.१ ध्वनिसिद्धान्त<br>४.१.१ ध्वनिको परिभाषा<br>४.१.२ ध्वनिका प्रमुख भेद : रसध्वनि, अलङ्कारध्वनि, वस्तुध्वनि<br>४.१.३ पाठमा ध्वनिको पहिचान अभ्यास<br>४.२ रससिद्धान्त<br>४.२.१ रसको परिभाषा<br>४.२.२ रसका प्रकार<br>४.२.३ रससामग्री : विभाव, अनुभाव, सञ्चारी भाव, स्थायीभाव<br>४.२.४ रसनिष्पत्तिको व्याख्या : उत्पत्तिवाद, अनुमितिवाद, भुक्तिवाद, अभिव्यक्तिवाद<br>४.२.५ रसको साधारणीकरण<br>४.२.६ रस प्रयोगको पहिचान र अभ्यास |
| क) छन्दको परिचय दिन,<br>ख) छन्दका आधारभूत तत्त्वहरू बताउन, | **एकाइ पाँच : छन्दपरिचय (९)**<br>५.१. छन्दको परिचय<br>५.२. छन्दका आधारभूत तत्त्व : लय, गण, यति, चरण, पङ्क्तिपुञ्ज, |

| | |
|---|---|
| ग) लघुगुरुसम्बन्धी छन्दशास्त्रीय नियमको चर्चा गर्न,<br><br>घ) छन्दका प्रकारको परिचय दिई निर्धारित छन्दको सोदाहरण स्वरूप बताउन,<br><br>ङ) नेपाली साहित्यको कविता विधाका कृतिबाट निर्धारित छन्दको स्वरूपअनुसारका उदाहरणको खोजी गर्न | ५.३. छन्दका प्रकार<br>५.३.१ वार्णिक छन्द ( लघुगुरुसम्बन्धी नियमसहित) : अनुष्टुप्, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, वंशस्थ, भुजङ्गप्रयात, वसन्ततिलका शिखरिणी, मन्दाक्रान्ता, शार्दूलविक्रीडित<br>५.३.२ मात्रिक छन्द : चौपाई, दोहा, आर्या<br>५.३.३ जातीय छन्द : झ्याउरे, सवाई, भजन, देउडा/डेउडा<br>५.३.४ छन्दका अन्य प्रकार : बहर, रुवाई, हाइकू<br>५.३.५ मुक्त छन्द/लय : गद्यकविता<br>५.४. पाठमा छन्दप्रयोगको पहिचान र अभ्यास |

**४. शिक्षण प्रक्रिया**

प्रस्तुत पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । पूर्वीय साहित्यशास्त्रका निर्धारित वाद र सिद्धान्तको सैद्धान्तिक जानकारी दिई तिनको प्रयोगका लागि तत्सम्बन्धी साहित्यिक विधाको अभ्यास गराइनेछ । पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ । विद्यार्थीको समूह विभाजन गरी रस, अलङ्कार, वक्रोक्ति, औचित्य, रीति, ध्वनिसम्बन्धी प्रयोग भएका विभिन्न कृतिहरू छनोट गरी विद्यार्थीलाई पहिचान गर्न लगाइनेछ । निर्दिष्ट सिद्धान्तको विश्लेषणमा प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ । तत् तत् विषयमा तोकिएका विषयवस्तु तयार पारी कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ ।

**५. आन्तरिक मूल्याङ्कन ४०%**

पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्नलिखित गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १** : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट) २** : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता : ५+५ = १० अङ्क

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना) परियोजना कार्य गर्न लगाइनेछ । उक्त कार्यका लागि निर्दिष्ट सिद्धान्तको प्रयोगबारे अध्ययनपत्र निर्माण गर्न लगाइनेछ । साथै निर्धारित छन्द र अलङ्कार प्रयोग हुने गरी विभिन्न खाले रचना गर्न विद्यार्थीलाई प्रोत्साहित गरिनेछ ।

**(घ) मध्यसत्र परीक्षाः** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन  ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित दुइटा प्रश्न | **२×१०** | **२०** |

## ७ सन्दर्भसामग्री


अधिकारी, हेमाङ्ग राज (२०५०), *पूर्वीय समालोचना सिद्धान्त,* साझा प्रकाशन (सबै एकाइका लागि) ।

खतिवडा, लयप्रसाद (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तको परिचय,* इन्टेलेक्च्युअल (सम्बन्धित एकाइका लागि) ।

ढुङ्गाना, गोविन्दप्रसाद शर्मा (२०३७), *छन्दोहार,* : साझा प्रकाशन (एकाइ पाँचका लागि) ।

पौडेल, माधवप्रसाद (२०६७), *साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,* : विद्यार्थी पुस्तक भण्डार (सबै एकाइका लागि) ।

उपाध्याय, केशव प्रसाद (२०३०), *साहित्य प्रकाश,* साझा प्रकाशन ।

तिवारी, सियाराम (सन् १९९१), *साहित्य शास्त्र और काव्यभाषा,* भूमिका प्रकाशन ।

थापा, मोहनहिमांशु (२०५०), *साहित्य परिचय,* साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६७), *साहित्यशास्त्र र नेपाली समालोचना,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वर कुमार (२०५४), *पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८), *साहित्य प्रदीप,* पुस्तक संसार ।

सुदूरपश्चिम विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

नेपाली शिक्षा कार्यक्रम

**पाठ्यांश शीर्षक :** भाषिक सिप विकासका लागि विधा शिक्षण

**विषय सङ्केत नं. :** Nep.Ed.357 **विषयको प्रकृति** : सैद्धान्तिक

**तह :** स्नातक **जम्मा पाठ्यघण्टा** : ३

**सत्र :** पाँचौं **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । पाँच एकाइमा विभाजित यस पाठ्यांशमा नेपाली भाषा शिक्षणका सन्दर्भमा भाषिक सिप विकासका लागि विधाको उपयोग गर्ने र अध्यापन योजना निर्माण गरी प्रयोग गर्न सक्ने प्रयोजनका साथै शिक्षणसम्बन्धी विविध पक्षहरू समावेश गरी शिक्षार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक सामर्थ्य विकास गर्ने अपेक्षा राखिएको छ ।

## २. साधारण उद्देश्य

क) भाषा शिक्षणमा विधा शिक्षणको परिचय दिन,

ख) भाषाशिक्षण र साहित्यशिक्षणमा भिन्नता बताउन,

ग) भाषा शिक्षणका दृष्टिले निर्धारित विधाहरूको शिक्षण प्रयोजन, प्रक्रिया र क्रम वर्णन गर्न

ङ) विभिन्न विधाप्रति रुचि उत्पन्न गर्ने सहकार्यकलापहरूसित परिचित भई आवश्यकताअनुसार तिनको उपयोग गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तु

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| क) भाषाशिक्षणका दृष्टिले विधाको परिचय दिन, | **एकाइ एकः भाषा शिक्षणका सन्दर्भमा विधा शिक्षणको परिचय(पा.घ.७)** |
| ख) भाषाशिक्षणमा विधाशिक्षणको आवश्यकता बताउन, | १.१ विधा शिक्षण |
| | १.१.१ भाषाशिक्षणका दृष्टिले विधाको परिचय |
| ग) भाषाशिक्षण र साहित्यिक विधाशिक्षणमा भिन्नता देखाउन । | १.१.२ भाषाशिक्षणमा विधाशिक्षणको आवश्यकता |
| | १.१.३ भाषाशिक्षण र साहित्यशिक्षणमा भिन्नता |
| घ) भाषा पाठ्यपुस्तकमा विधाहरूको संयोजनको आवश्यकता बताउन, | १.२ विधाहरूको संयोजन |
| | १.२.१ भाषा पाठ्यपुस्तकमा विधाहरूको संयोजनको आवश्यकता |
| ङ) भाषा शिक्षणका आधार सामग्रीका रूपमा | १.२.२ भाषाशिक्षणका आधार सामग्रीका रूपमा विधाहरू |

| | |
|---|---|
| विधाहरूको परिचय दिन,<br>च) विधाशिक्षणका सामान्य र विशेष प्रयोजन बताउन,<br>छ) विधा, विषयवस्तु तथा पाठ्यवस्तुको सम्बन्ध दर्साउन, | १.२.३ विधाशिक्षणका सामान्य र विशेष प्रयोजन<br>१.३ विधा, विषयवस्तु तथा पाठ्यवस्तुको सम्बन्ध |
| क) भाषा शिक्षणका दृष्टिले कथा, निबन्ध र जीवनी शिक्षणका प्रयोजन, विधि, प्रक्रिया र शिक्षणक्रम बताउन र तदनुरूप शिक्षण गर्न,<br>ख) कविता शिक्षणका प्रयोजन, विधि, शिक्षण प्रक्रिया र शिक्षणक्रम बताउन र सोअनुरूप शिक्षण गर्न,<br>ग) रूपक विधाका विविध उपविधा शिक्षणका प्रयोजन, विधि, शिक्षण प्रक्रिया तथा शिक्षणक्रम पहिचान गरी सोअनुसार शिक्षण गर्न,<br>घ) लेख्य सिप विकासका दृष्टिले चिठी/निवेदन शिक्षणका प्रयोजन शिक्षण प्रक्रिया तथा शिक्षणक्रमको जानकारी दिन र शिक्षणमा उपयोग गर्न,<br>ङ) दैनिकी शिक्षणका प्रयोजनअनुसार शिक्षण प्रक्रिया तथा शिक्षणक्रम बताउन र सोअनुसार शिक्षणगर्न। | **एकाइ दुई : भाषा शिक्षणका दृष्टिले विधाहरूको शिक्षण (पाघं.१६)**<br>३.१ कथा, निबन्ध र जीवनी शिक्षणका प्रयोजन, विधि, प्रक्रिया र शिक्षणक्रम<br>३.२ कविता शिक्षणका प्रयोजन विधि, शिक्षण प्रक्रिया र शिक्षणक्रम<br>३.३ रूपक (संवाद, वादविवाद, मनोवाद, एकाङ्की र वक्तृता) शिक्षणका प्रयोजन, विधि, शिक्षण प्रक्रिया र शिक्षणक्रम<br>३.४ चिठी/निवेदन शिक्षणका प्रयोजन, शिक्षण प्रक्रिया तथा शिक्षणक्रम<br>३.५ दैनिकी शिक्षणका प्रयोजन, शिक्षण प्रक्रिया तथा शिक्षणक्रम |
| क) माध्यमिक तहमा शब्दार्थ शिक्षणको महत्त्व बताउन,<br>ख) शब्दार्थ शिक्षणका तरिकाहरूको वर्णन गर्न र सोअनुसार शिक्षण गर्न,<br>ग) शब्द र अर्थगत सम्बन्ध पहिचान गर्न<br>घ) शब्दार्थ शिक्षणमा शब्दकोशको प्रयोग गर्न । | **एकाइ तीन : शब्दार्थ शिक्षण (पा.घं.५)**<br>४.१ शब्दार्थ शिक्षण<br>४.१.१ माध्यमिक तहमा शब्दार्थ शिक्षणको महत्त्व<br>४.१.२ शब्दार्थ शिक्षणका तरिकाहरू<br>४.१.३ शब्द र अर्थगत सम्बन्धहरू<br>४.१.४ शब्दार्थ शिक्षणका लागि शब्दकोशको उपयोग |
| क) भाषातत्व (वर्णविन्यास र लेख्यचिह्न तथा शब्दभण्डार) शिक्षणको प्रयोजन, विधि र शिक्षण प्रक्रिया बताउन र सोअनुसार शिक्षण गर्न | **एकाइ चार : भाषातत्त्व शिक्षण (पा.घं.१०)**<br>४.१ वर्णविन्यास र लेख्यचिह्न शिक्षणको प्रयोजन र शिक्षण प्रक्रिया |

| | |
|---|---|
| ख) कार्यमूलक व्याकरणको परिचय, विशेषता र शिक्षण प्रक्रियाको जानकारी दिन र सोअनुसार शिक्षण गर्न । | ४.२ व्याकरण शिक्षणको प्रयोजन, विधि र शिक्षण प्रक्रिया<br>४.३ शब्दभण्डार शिक्षणको प्रयोजन, विधि र शिक्षण प्रक्रिया<br>४.४ कार्यमूलक व्याकरणको परिचय, विशेषता र शिक्षण प्रक्रिया |
| क) विधाहरूप्रति रुचि संवर्धनात्मक सहकार्यकलाहरूको परिचय दिन,<br>ख) निर्धारित सहकार्यकलापहरूको उद्देश्य तथा प्रयोग प्रक्रिया बताउन र आवश्यकताअनुसार उपयोग गर्न,<br>ग) निर्धारित सहकार्यकलापहरूको प्रयोग अभ्यास गर्न, | **एकाइ पाँचः विधाहरूप्रति रुचि संवर्धनका सहकार्यकलापहरू(पा.घं.१०)**<br>५.१ विधाहरूप्रति रुचि संवर्धनका सहकार्यकलापको आवश्यकता र महत्त्व<br>५.२ प्रमुख सहकार्यकलापहरूको परिचय, उद्देश्य तथा प्रयोग प्रक्रिया<br>५.२.१ साहित्यिक प्रतियोगिता<br>५.२.२ वक्तृत्व प्रतियोगिता<br>५.२.३ पत्रिका प्रकाशन<br>५.२.४ वादविवाद प्रतियोगिता<br>५.२.५ अन्य (अन्त्याक्षरी प्रतियोगिता, समस्यापूर्ति, शब्दजाल, कवि/ लेखक सम्मेलन, कवि/लेखक जयन्ती, कवि/लेखक समादर, आदि) |

## ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिकासूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । भाषिक सिप विकाससम्बन्धी सैद्धान्तिक जानकारी दिई त्यसको प्रयोगका लागि तत्सम्बन्धी पक्षमा अभ्यास गराइनेछ । साथै पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ । विद्यार्थीहरूलाई भाषिक सिप विकाससम्बन्धी विभिन्न विधाका कृतिको विश्लेषणका लागि प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ । तत् तत् विषयमा तोकिएका विषयवस्तु तयार पारी कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक नोट र कक्षा प्रस्तुतीकरण :** ५+५ =१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता :** ५+५ = १० अङ्क
(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना)परियोजना कार्य गर्न लगाइनेछ। उक्त कार्यका लागि निर्दिष्ट सिपसम्बन्धी अध्ययनपत्र निर्माण गर्न लगाइनेछ।

**घ) मध्यसत्र परीक्षाः** १० अङ्क

**६. बाह्य मूल्याङ्कन ६०%**

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरू को सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित दुइटा प्रश्न | **२×१०** | **२०** |

**७. सन्दर्भपुस्तक**

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

कोली, जोआन र स्लेटर, स्टिफेन (इ.१९८७), *लिटरेचर इन द ल्याङ्ग्वेज क्लासरुम,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* इन्टेलेक्चुअल्स बुक प्यालेस।

पाण्डेय, रामशकल, *हिन्दी शिक्षण,* विनोद पुस्तक भण्डार।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* विद्यार्थी पुस्तक प्रा.लि.।

भण्डारी, पारसमणि, *भाषा र साहित्य शिक्षणका केही पक्ष,* वाणी प्रकाशन।

मङ्गल, उमा (२००३), *हिन्दी शिक्षण,* आर्य बुक डिपो।

लम्साल, रामचन्द्र (२०७७), *विधा शिक्षण,* सनलाइट पब्लिकेसन।

लाजर, गिलियन (इ. १९९३), *लिटरेचर एन्ड ल्याङ्ग्वेज टिचिङ्, क्याम्ब्रिज* : क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्यशिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक : नेपाली निबन्ध, लोकसाहित्य र बालसाहित्य**

**विषय सङ्केत नं. :** Nep.Ed.358

**तह :** स्नातक

**सत्र :** पाँचौँ

**विषयको प्रकृति :** सैद्धान्तिक

**जम्मा पाठ्यघण्टा :** ३

**शिक्षण घन्टी :** ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा नेपाली निबन्ध, लोकसाहित्य तथा बालसाहित्यका सिद्धान्तहरूको परिचयात्मक जानकारी र तत् तत् विषयसम्बन्धी प्रतिनिधिमूलक विधाहरूको आस्वादन एवम् विश्लेषण गर्ने दृष्टिकोण राखिएको छ । यसअन्तर्गत निबन्धका सैद्धान्तिक पक्ष र विकासक्रम र प्रतिनिधि निबन्धकारको परिचयका साथै निर्धारित निबन्धको आस्वादन तथा लोकसाहित्य र बालसाहित्यका सैद्धान्तिक पक्षका साथै प्रतिनिधिमूलक विधाको आस्वादन गरी ती विधाप्रति रुचि जगाउने लक्ष्य राखिएको छ । यसबाट नेपाली निबन्ध, लोकसाहित्य र बालसाहित्यसम्बन्धी शिक्षणमा उक्त पक्षको उपयोग सन्दर्भ पहिल्याउन विद्यार्थीहरूलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित साधारण उद्देश्य हासिल गर्न सक्षम हुनेछन् :

क) निबन्धको सैद्धान्तिक परिचय दिई विकासक्रम पहिल्याउन,
ख) विधातत्त्वका आधारमा निबन्धहरूको व्याख्या विश्लेषण गर्न,
ग) लोकसाहित्यका विधाको सैद्धान्तिक परिचय र विशेषता बताउन,
घ) नेपाली लोकसाहित्यका विधाका निर्धारित पाठको विश्लेषण गर्न,
ङ) बालसाहित्यको सैद्धान्तिक चिनारी दिई नेपाली बालसाहित्यका विधागत निर्धारित पाठहरूको विश्लेषण गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| **विशिष्ट उद्देश्य** | **पाठ्यवस्तुको विवरण** |
|---|---|
| क) निबन्धको परिचय र परिभाषा बताउन,<br>ख) निबन्ध विधाको स्वरूप निर्धारण गर्न,<br>ग) निबन्धका तत्त्वहरूको परिचय दिन र<br>घ) निबन्धको वर्गीकरण गरी प्रकार छुट्याउन<br>ङ) आधुनिक नेपाली निबन्धको पृष्ठभूमिको व्याख्या गर्न,<br>च) आधुनिक नेपाली निबन्धका प्रमुख मोड र तिनका | **एकाइ एक : निबन्धको सैद्धान्तिक परिचय र विकासक्रम** (९घन्टी)<br>१.१ निबन्धको सैद्धान्तिक स्वरूप<br>१.१.१ निबन्धको विधागत स्वरूपको परिचय र परिभाषा<br>१.१.२ निबन्धका विधागत तत्त्व : शीर्षक, विषयवस्तु, विचार वा भाव, उद्देश्य, भाषाशैली<br>१.१.३ निबन्धको वर्गीकरण : आत्मपरक र वस्तुपरक, भावप्रधान र विचारप्रधान तथा विवरणात्मक र वर्णनात्मक ।<br>१.२ नेपाली निबन्धको विकासक्रम<br>१.२.१ आधुनिक नेपाली निबन्धको पृष्ठभूमि<br>१.२.२ आधुनिक नेपाली निबन्धको विकासक्रमका चरणगत धारा र |

| | |
|---|---|
| प्रवृत्तिगत विशेषताहरूको परिचय दिन | तिनका प्रवृत्तिहरू |
| क) निर्धारित निबन्धकारहरूको परिचय र तिनका निबन्धगत प्रवृत्तिहरूको वर्णन गर्न,<br>ख) निर्दिष्ट निबन्धहरूको तत्वगत आधारमा विवेचना गर्न,<br>घ) निर्धारित निबन्धहरूका विशिष्ट पङ्क्तिहरूको ससन्दर्भ व्याख्या गर्न । | **एकाइ दुई : प्रमुख नेपाली निबन्धकार र तिनका निबन्धको अध्ययन** (१० घन्टी)<br>२.१ प्रमुख निबन्धकारका प्रवृत्ति र तिनका निबन्धको तत्त्वगत विश्लेषण तथा विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या<br>२.१.१ लक्ष्मीप्रसाद देवकोटा : शिक्षा<br>२.२.२ शङ्कर लामिछाने : जीवन एक प्राध्यापक<br>२.२.३ भैरव अर्याल : भान्सा भो हजुर ?<br>२.२.४ तारानाथ शर्मा : बैकिनीका आँशुमा बग्छ बयलपाटा<br>२.२.५ डी. पी भण्डारी : यो धर्ती त्यो आकाश<br>२.२.६ लोकेन्द्रबहादुर चन्द : कुर्सी |
| क) नेपाली लोकसाहित्यको परिचय र परिभाषा दिन,<br>ख) नेपाली लोकसाहित्यका विशेषताहरू बताउन,<br>ग) नेपाली लोकसाहित्यका विधाहरूको वर्गीकरण गर्न,<br>घ) नेपाली लोकगीतका प्रकारहरूको परिचय दिन,<br>ङ) नेपाली लोकगाथाका प्रमुख प्रकारहरू पहिचान गरी तिनको परिचय दिन,<br>च) नेपाली लोककथाहरूको परिचय दिन, | **एकाइ तीन : नेपाली लोकसाहित्यको अध्ययन** (१० घन्टी)<br>३.१ लोकसाहित्यको परिचय र परिभाषा<br>३.२ लोकसाहित्यका विधाहरूको वर्गीकरण : लोकगीत र बाललोकगीत बालनिबन्ध लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा<br>३.३ नेपाली लोकगीतका प्रकार : प्रार्थनागीत, संस्कारगीत, पर्वगीत, श्रमगीत, बाह्रमासे, न्याउल्या तथा देउडा, दोहोरी, सँगिनी र चुड्का<br>३.४ नेपाली लोकगाथाका प्रमुख प्रकार : कर्खा, भारत, सवाई र चाँचरी<br>३.५ नेपाली लोककथा : पौराणिक कथा, परीकथा र दन्त्यकथा |
| क) निर्धारित लोकसाहित्यिक विधाहरूको आस्वादन गरी व्याख्या विश्लेषण गर्न । | **एकाइ चार : प्रतिनिधिमूलक नेपाली लोकसाहित्यिक विधाहरूको विश्लेषण** (१० घन्टी)<br>४.१ रिपु मल्लकी चाँचरी (देवकान्त पन्तद्वारा लिखित डोटेली लोकसाहित्यबाट) को आस्वादन र विश्लेषण<br>४.२ केसीलडाको कथा, ढिक्री र बाँसुरीको कथा (सुदूरपश्चिमका बातबाट) को आस्वादन र विश्लेषण<br>४.३ न्याउल्या, ओ बाज झुम्रेली बाज, दाडिम चौका, राईझुमा, जौपात लोकभाकाको परिचय र प्रयोगात्मक अभ्यास |
| क) नेपाली बालसाहित्यको परिचय र परिभाषा दिन,<br>ख) नेपाली बालसाहित्यको विकास र परम्परा पहिल्याउन,<br>ग) नेपाली बालसाहित्यका विधाहरूको वर्गीकरण गरी तिनको परिचय प्रस्तुत गर्न,<br>घ) निर्धारित बाल साहित्यका विधाहरूको आस्वादन गरी तत्त्वगत आधारमा विश्लेषण विश्लेषणगर्न । | **एकाइ पाँच : नेपाली बालसाहित्यको अध्ययन** (९ घन्टी)<br>५.१ बालसाहित्यको सैद्धान्तिक परिचय<br>५.१.१ बालसाहित्यको परिचय र परिभाषा<br>५.१.२ बालसाहित्यका विधा (बालकविता, बालकाव्य, बालकथा, बालउपन्यास, बालनाटक र बाललोकगीत<br>५.२ निर्धारित बाल कृतिहरूको आस्वादन र विश्लेषण<br>५.२.१ माधव घिमिरे : पम्फा मैयाँको कथा (कविता)<br>५.२.२ कृष्णप्रसाद पराजुली : सुनकेस्रा (बालकथा)<br>५.२.३ दुर्गालाल श्रेष्ठ : सन्तको छाता (बालकाव्य) |

### ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । निबन्धको सैद्धान्तिक जानकारी दिई निर्दिष्ट निबन्धको आस्वादन र प्रयोगका लागि तत्सम्बन्धी प्रयोगको लागि निबन्ध विधा लेखनको अभ्यास गराइनेछ । साथै पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ । लोकसाहित्यको अध्ययन अध्यापनका लागि सैद्धान्तिक पक्षका साथै स्थानीय स्तरमा प्रचलित लोकसाहित्य र बालसाहित्यसम्बन्धी विधाको खोजी गर्नका लागि विद्यार्थीको समूह विभाजन गरी क्षेत्रकार्यमा सहभागी गराउनुपर्नेछ । स्थानीय देउडा गायक/खेलाउडा, लोकसाहित्यका जानकार व्यक्तिलाई बोलाई अतिथि कक्षा लिन लगाइनेछ साथै विद्यार्थीलाई निर्दिष्ट विधाका व्यक्तिसँग साक्षात्कार गराइनेछ । विश्लेषणमा प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ । क्षेत्रकार्यबाट लोककथा, लोकगीत, सवाई लहरी, लोकगाथा आदि सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ ।

### ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १** : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू
र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट) २** : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता : ५+५ = १० अङ्क
(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक
निबन्ध, अध्ययनपत्र वा परियोजना कार्य गर्न लगाइनेछ । परियोजना कार्यका लागि निबन्धलेखनका
साथै लोकसाहित्यिक र बालसाहित्यिक विधामा क्षेत्रकार्य गराई तत्सम्बन्धी अध्ययनपत्र निर्माण गर्न लगाइनेछ ।

**(घ) मध्यसत्र परीक्षाः** १० अङ्क

### ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

**७. पाठ्यसामग्री तथा सन्दर्भसामग्री**

**क) पाठ्यसामग्री**


अर्याल, भैरव (२०२८), *इतिश्री,* कौवा प्रकाशन ।

उपाध्याय, भीमकान्त (सन् १९९९), सवाई र लहरी काव्य सङ्ग्रह, साहित्य अकादमी (निर्धारित अंश)

घिमिरे, माधव (२०६९), *बिजुले र बिजुला,* साझा प्रकाशन (निर्धारित अंश) ।

थापा, धर्मराज र  सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* पाठ्यक्रम विकास केन्द्र त्रिवि (निर्धारित अंश) ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६७), *लक्ष्मी निबन्ध सङ्ग्रह (साझा प्रकाशन १८ औँ सं),* साझा प्रकाशन ।

लामिछाने, शङ्कर (२०५९), *शङ्कर लामिछानेका निबन्ध,* साझा प्रकाशन ।

शर्मा, तारानाथ (सम्पा) (२०३९), *नेपाली निबन्धका पच्चिस वर्ष,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, देवकान्त  (२०३२), *डोट्याली लोकसमहित्य,* त्रिवि नेपाल र एसियाली अध्ययन संस्थान ।

पराजुली, कृष्णप्रसाद (२०४५) *सुनकेस्रा,* रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६६), *नेपाली लोकसाहित्य,* एकता बुक्स हाउस ।

भण्डारी, डी.पी. (२०६९), *त्यो धर्ती त्यो आकाश,*  रैका पब्लिकेशन प्रा.लि. ।

शाह, प्रेमा (२०४३) *आनन्दको आविष्कार,* रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, दुर्गालाल (२०६८), *सन्तको छाता,* एकता प्रकाशन ।

सुदूरपश्चिम विश्वविद्यालय (२०८०)  *सुदूरपश्चिमका बात,* भाषा, साहित्य तथा संस्कृति अध्ययन केन्द्र सुपवि (निर्धारित अंश) ।


**सन्दर्भसामग्री**


अवस्थी, महादेव (२०६५) *बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया,* एकता प्रकाशन ।

उपाध्याय, कृष्णदेव (सन् २००८), *लोकसाहित्य की भूमिका,* साहित्य भवन प्रा. लि. ।

उपाध्याय, यज्ञराज (२०८०). *कालीकर्णालीको लोकसाहित्य र संस्कृति.* बुकहिल प्रकाशन ।

पराजुली, मोतीलाल (२०४९), *नेपाली लोकगाथा,*  स्वयं ।

प्रधान, प्रमोद (२०००) *नेपाली बालसाहित्यको इतिहास,*  बगर फाउन्डेसन ।

भण्डारी, पारसमणि (२०६३), *निबन्धगत विवेचना,* विद्यार्थी पुस्तक भण्डार ।

रिसाल, राममणि (२०६०), *नेपाली निवन्ध र निवन्धकार,* साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), *निबन्ध सिद्धान्त र नेपाली निबन्धको इतिहास* ने.रा.प्र.प. ।

शर्मा, गोपीकृष्ण (२०४४), *नेपाली निबन्ध परिचय,* रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, रमेश (२०३५), *नेपाली निबन्धका प्रवृत्ति,* साझा प्रकाशन ।

सुवेदी, अभि (सम्पा.) (२०५५), *समकालिन नेपाली निवन्ध,* ने.रा.प्र.प. ।